# वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०७९/०८०



नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

**राष्ट्रिय प्राणी उद्यान**

सूर्यविनायक, भक्तपुर

२०८०

# वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०७९/०८०

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

## राष्ट्रिय प्राणी उद्यान

सूर्यविनायक, भक्तपुर

२०८०

**संरक्षक/सल्लाहकार**
भुपेन्द्र प्रसाद यादव, निमित्त निर्देशक

**लेखन तथा सम्पादन**
चेत बहादुर ओली, रेञ्जर

**सम्पादन सहयोगी**
भोजराज पन्थ, व्यवस्थापन अधिकृत
डा.परिक्षा गुरुङ्ग, पशु चिकित्सक
रामकृष्ण कार्की, लेखापाल
दुर्गा चौधरी, रेञ्जर
विद्योत्तमा सुवेदी, रेञ्जर

**वार्षिक प्रतिवेदन, आ.व. २०७९/०८०**

| | |
|---|---|
| **प्रकाशक :** | राष्ट्रिय प्राणी उद्यान, सूर्यविनायक, भक्तपुर |
| **प्रकाशन प्रति :** | २०० |
| **प्रतिलिपि अधिकार :** | © २०८०, राष्ट्रिय प्राणी उद्यान |
| **आवरण फोटो :** | प्रस्तावित गुरुयोजनामा समावेश डिजाइन |
| **सम्पर्क ठेगाना :** | राष्ट्रिय प्राणी उद्यान, सूर्यविनायक, भक्तपुर |
| **फोन नं. :** | ०१-५०९२९१० |
| **ईमेल :** | nzg.bhaktapur2073@gmail.com |
| **वेभसाईट :** | www.nationalzoologicalgarden.gov.np |
| **मुद्रण :** | सिग्मा जनरल अफसेट प्रेस, सानेपा, ललितपुर, फोनः ०१-५४५४०२९ । |

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
# राष्ट्रिय प्राणी उद्यान
सूर्यविनायक, भक्तपुर

प.सं.:
च.नं.:

## दुई शब्द

पर-स्थानीय संरक्षणलाई दिगो रुपमा विकास गर्न सकेमा मात्र संकटमा परेका वन्यजन्तु एवं वनस्पतिको संरक्षण गर्न सम्भव हुने भएकाले आम जनसमुदायलाई प्रकृतिको महत्व र आवश्यकताको बारेमा जनचेतना अभिवृद्धि गरि भावी पुस्ताको लागि उपहारको रुपमा हस्तान्तरण गर्न र प्रकृतिमा आधारित पर्या-पर्यटन प्रवर्द्धन गरि स्थानीयस्तरमा रोजगारीका अवसरहरु सृजना गर्न सकिन्छ । स्थानीयस्तरमा सिर्जना हुने रोजगारीको माध्यमबाट राष्ट्रको अर्थतन्त्रमा योगदान गर्न सम्भव हुन्छ, यसै लक्ष्यलाई सम्बोधन गर्ने सन्दर्भमा नेपाल सरकार मन्त्रिपरिषद्ले मिति २०७१/१०/२९ मा भक्तपुर जिल्लाको तत्कालिन गुण्डु, सिपाडोल तथा कटुन्जे गा.वि.स.अन्तर्गतको वन क्षेत्रमा राष्ट्रिय प्राणी उद्यान स्थापना गर्ने निर्णयको आधारमा नेपाल राजपत्र खण्ड (६४) काठमाडौं, चैत्र १६ गते, २०७१ साल (संख्या ४४ मा सूचना प्रकाशन गरेर सरकारद्वारा व्यवस्थित वन र सातवटा सामुदायिक वनको क्षेत्रफललाई समेत समेटेर २४५.१६५ हेक्टर क्षेत्रमा राष्ट्रिय प्राणी उद्यान स्थापनाका लागि घोषणा गरेको हो ।

आ.व.२०७९/०८० मा यस कार्यालयबाट सम्पादन भएका कार्यहरू तथा अन्य संरक्षणका गतिविधिहरुलाई समेटेर यो प्रतिवेदन प्रकाशन गरिएको छ । यस आर्थिक बर्षमा खास गरि पुजिँगत खर्चका कार्यक्रमहरुमा गुरुयोजनामा उल्लेखित कार्यहरुको डि.पि.आर. तयारी कार्य, मेसिनरी औजार खरिद कार्य गरिएको छ । त्यस्तै चालुगत खर्च अन्तर्गत बार्षिक प्रगति प्रतिवेदन प्रकाशन, संरक्षण सम्बन्धी स्कूल शिक्षा कार्यक्रम, ईको क्लव सञ्चालन सहयोग र संरक्षण सम्बन्धी प्रचारप्रसार सामग्री उत्पादन तथा वितरण कार्य सम्पन्न गरिएको थियो ।

यस कार्यालयका लागि तोकिएका कार्यहरु सम्पादन गर्न साथै उद्यानको वन क्षेत्रको संरक्षण एवं व्यवस्थापन गर्न भूमिका निर्वाह गर्नुहुने तत्कालीन निर्देशक श्री अण नाथ बरालज्यूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै निरन्तर मार्गनिर्देश गर्नुहुने वन तथा वातावरण मन्त्रालय र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, जिल्ला स्थित कार्यालयहरु एवं स्थानीय निकायहरुबाट सहयोग प्राप्त भएकोमा उक्त निकाय तथा संस्थाप्रति आभार व्यक्त गर्दछु । यस प्राणी उद्यानको उद्देश्य प्राप्तीका लागि सम्बन्धित सबै क्षेत्रबाट निरन्तर सहयोगको अपेक्षा गरेको छु । आगामी दिनमा यस प्राणी उद्यानको निर्माण कार्य सम्पन्न गरि तोकिएको लक्ष्य हासिल गर्नका लागि विगत वर्षहरुमा जस्तै सम्बद्ध सरोकारवाला निकायहरु, स्थानीय समुदायको समन्वय, सहकार्यको साथै जिल्लास्थित सरोकारवाला निकायहरुबाट उल्लेख्य सहयोग र सद्भाव प्राप्त हुने अपेक्षा राखेको छु । अन्तमा, यो वार्षिक प्रतिवेदन तयार गर्न महत्वपुर्ण भूमिका निभाउनु हुने यस कार्यालयका कर्मचारीहरुलाई धन्यवाद व्यक्त गर्दै यस प्रतिवेदनमा समावेश भएका विषयवस्तुहरुले यस उद्यानप्रति चासो राख्ने व्यक्ति, संघसंस्था, सञ्चारकर्मी, स्थानीय बासिन्दा र सोधकर्ताहरुका लागि उपयोगी हुने अपेक्षा राखेको छु ।

भुपेन्द्र प्रसाद यादव
नि.निर्देशक

# विषय-सूची

## भाग-१: परिचय


पृष्ठभूमि ........ १
हावापानी ........ २
जैविक विविधता ........ २
*वन्यजन्तु* ........ २
*वनस्पति* ........ २
दर्शनीय एवं भ्रमणका स्थल ........ २
राष्ट्रिय प्राणी उद्यानको नक्सा ........ ३
राष्ट्रिय प्राणी उद्यानको परिकल्पना, लक्ष्य र उद्देश्यहरु ........ ३
*परिकल्पना* ........ ३
*लक्ष्य* ........ ३
*उद्देश्यहरु* ........ ३
राष्ट्रिय प्राणी उद्यानभित्र निषेधित गतिविधिहरु ........ ४
नेपालका मिनि जु अभिलेखिकरण ........ ४


## भाग-२: राष्ट्रिय प्राणी उद्यान सञ्चालनको कानूनी आधारशीला


राष्ट्रिय प्राणी उद्यान केन्द्र सञ्चालन निर्देशिका, २०७२ ........ ५
चिडियाखाना, वन्यजन्तु उद्दार केन्द्र तथा वन्यजन्तु अस्पतालसम्बन्धी कानूनी व्यवस्था ........ ९


## भाग-३: आ.व.२०७८/०७९ सञ्चालित कार्यक्रमहरू


पूँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरुः ........ ११
*मेशीन औजार खरिद* ........ ११
*मोटरसाईकल/स्कुटर खरिद* ........ ११
*डेस्कटप कम्प्युटर, ल्यापटप, प्रिन्टर र स्क्यानर खरिद* ........ ११
*डिजिटल क्यामेरा, बाइनाकुलर र जि.पि.एस. खरिद* ........ ११
*प्राणी उद्यानको गुरुयोजनामा उल्लेखित कार्यहरुको डि.पि.आर. निर्माणको भुक्तानी* ........ ११
चालु खर्च अन्तर्गतका कार्यक्रमहरु : ........ २३
*वार्षिक प्रगति प्रतिवेदन पुस्तिका प्रकाशन* ........ २३
*संरक्षण सम्बन्धी प्रचार प्रसार सामग्री उत्पादन तथा वितरण* ........ २३
*संरक्षण सम्वन्धी स्कूल शिक्षा कार्यक्रम* ........ २४

*ईको क्लव सञ्चालन* ........ २५
राजश्व विवरण ........ २५

## भाग–४: विविध

मानव संशाधन र संरक्षण व्यवस्थापन ........ २६
मन्थली र कार्की गाउँको अव्यवस्थित बस्ती ........ २६
*अव्यवस्थित बस्तिको पृष्ठभूमि* ........ २६
*अव्यवस्थित बस्ति व्यवस्थापनका लागि भएका प्रयासहरु* ........ ३३

## भाग–५: अनुसूचीहरु

अनुसूची-१ : राष्ट्रिय प्राणी उद्यान स्थापनाको राजपत्र ........ ३५
अनुसूची-२ : राष्ट्रिय प्राणी उद्यान सूर्यविनायक भक्तपुरमा प्रतिवेदित वन्यजन्तुको सूची ........ ३६
अनुसूची-३ : राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अनुसारका संरक्षित वन्यजन्तुहरु ........ ३९
अनुसूची-४ : राष्ट्रिय प्राणी उद्यान सूर्यविनायक भक्तपुरमा प्रतिवेदित मुख्य रुख प्रजातीहरु ........ ४१
अनुसूची-५ : वन नियमावली, २०५० अनुसार प्रतिबन्धित वनस्पतीहरु ........ ४३
अनुसूची-६ : नेपालका मिनि जु अनुगमन प्रतिवेदन २०७६ अनुसार मिनि जु को संक्षिप्त विवरण ........ ४४
अनुसूची-७ : आ.व. २०७८/०७९ को वार्षिक प्रगति ........ ४६
अनुसूची-८ : आ.व.२०७८/०७९ को लागि स्वीकृत अस्थायी दरबन्दी विवरण ........ ४८
अनुसूची-९ : आ.व.२०७८/०७९ मा कार्यरत कर्मचारी विवरण ........ ४९
अनुसूची-१० : आ.व. २०७८/०७९ मा स्वागत तथा विदाई हुने कर्मचारी विवरण ........ ५१
अनुसूची-११ : कार्की गाउँ र मन्थलीको अव्यवस्थित बस्तीको वस्तुस्थिति विवरण ........ ५२
अनुसूची-१२ : अव्यवस्थित बस्तीका भौतिक संरचनाहरुको प्राविधिक मूल्याङ्कन प्रतिवेदन विवरण ........ ५४
अनुसूची-१३ : अव्यवस्थित बस्तीले चर्चेको क्षेत्रको नक्सा सिट ........ ५८

# भाग-१
# परिचय

## पृष्ठभूमि

| | |
|---|---|
| स्थापना | २०७१/१०/२९ |
| राजपत्रमा प्रकाशित | २०७१/१२/१६ |
| क्षेत्रफल | २४५.१६५ हेक्टर |
| फैलावट | सूर्यविनायक नगरपालिका वडा नं. ६,७ र ८ भक्तपुर |
| हावापानी | न्यानो समशीतोष्ण |
| वनको किसिम | चिलाउने - कटुस |
| पारिस्थिकीय प्रणाली | *Hygrophytic Schima wallichii-Castanopsis tribuloides/ Hygrophytic Schima wallichii* |
| स्तनधारी | १५ प्रजाति |
| चरा प्रजाति | ९५ प्रजाति |
| पुतलि | ७५ प्रजाति |
| वनस्पति प्रजाति | ६७८ |
| रुख प्रजाति | १२४ |
| बुट्यान प्रजाति | १०२ |
| जडिबुटी | ४२४ |
| लहरा प्रजाति | २८ |

नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७१/१०/२९ मा भक्तपुर जिल्लाको तत्कालीन गुण्डु, सीपाडोल तथा कटुन्जे गा.वि.स. (हाल सूर्यविनायक नगरपालिका वडा नं. ६, ७ र ८) अन्तर्गत रहेको सामुदायिक वनहरुमध्ये सूर्यविनायक सामुदायिक वन (४६.२५५ हेक्टर), सेतीदेवी सामुदायिक वन (४४.५०४ हेक्टर), मन्थली सामुदायिक वन (६४.८७४ हेक्टर), गौरादेवी सामुदायिक वन (९.३१६ हेक्टर), बालकुमारी सामुदायिक वन (१४.६७७ हेक्टर), लिखानारायण सामुदायिक वन (४०.०१४ हेक्टर), संजिवनी सामुदायिक वन (१५.०२१ हेक्टर), तथा सरकारद्वारा व्यवस्थित वन क्षेत्रको (१०.५०४ हेक्टर) समेत गरी २४५.१६५ हेक्टर वन क्षेत्रमा राष्ट्रिय प्राणी उद्यान स्थापना गर्ने निर्णय भयो। सर्वसाधारणको जानकारीको लागि नेपाल सरकारद्वारा प्रकाशित खण्ड (६४) काठमाडौं, चैत्र १६ गते, २०७१ साल (संख्या ४४) को नेपाल राजपत्रमा सूचना प्रकाशन भयो। प्रकाशित राजपत्र अनुसूची-१ मा संलग्न छ । सो वन क्षेत्रलाई औपचारिक रुपमा राष्ट्रिय प्राणी उद्यान स्थापना कार्य सुचारु गर्ने उद्देश्यले मिति २०७३ आषाढ ९ गते बिहिवारका दिन सूर्यविनायक सब-डिभिजन वन कार्यालय (तत्कालीन ईलाका वन कार्यालय) भक्तपुरको प्राङ्गणमा वन तथा भू-संरक्षण मन्त्री अग्निप्रसाद सापकोटाज्यूको सभापतित्व भएको शिलान्यास समारोहमा सम्माननीय प्रधानमन्त्री के.पी.शर्मा ओलीज्यूबाट शिलान्यास कार्य सु-सम्पन्न भएको थियो। भक्तपुर जिल्लाको सूर्यविनायक नगरपालिका वडा नं. ६, ७, र ८ को २७' ३८" ००"देखि २७' ३९" ४६" उत्तरी अक्षांश र ८५° २४' ५७" देखि ८५° २५' ५६" पूर्वी देशान्तरमा अवस्थित यस राष्ट्रिय प्राणी उद्यान समुद्रि सतहबाट १३७० मिटर देखि १५४० मिटरको उचाईमा रहेको छ। यहाँ मुख्यतया कटुस चिलाउनेको मिश्रित वन रहेको छ। बार्षिक औषत बर्षा १५५७ मिलिलिटर र औषत तपक्रम १७.६ डिग्री सेल्सियस रहेको यस क्षेत्रमा तराई र हिमाली मौसममा हुने वनस्पति तथा वन्यजन्तु समेत पाइने हुनाले यहाँको जैविक विविधता अनुपम रहेको छ। यस उद्यान नेपालको राजधानी काठमाडौंबाट करिब १४ कि.मि. दक्षिण पूर्व तथा सूर्यविनायक मन्दिरबाट १ कि.मि. को दुरीमा काठमाडौं उपत्यका भित्र रहेकोले पर्यटकीय सम्भावना प्रचुर रहेको छ।

## हावापानी

राष्ट्रिय प्राणी उद्यानले उपोष्ण (Tropical) प्रकारको हावापानीको प्रतिनिधित्व गरेको छ । यहाँको अधिकतम तापक्रम २७.५ डिग्री सेल्सियस तथा न्यूनतम तापक्रम ३.२ डिग्री सेल्सियस गरी औषत तापक्रम १७.६ डिग्री सेल्सियस रहेको छ । यस क्षेत्रको तापक्रम मंसिरदेखि माघसम्म कम हुने हुनाले जाडो हुन्छ भने जेष्ठदेखि श्रावणसम्म उच्च तापक्रम रहन्छ । यस क्षेत्रमा हुने वर्षा मुख्य गरी मोहडा समुद्री सतहदेखिको उचाईमा निर्भर रहन्छ । यस क्षेत्रमा औषत १५५७ मिलिलिटर प्रति बर्षका हिसावले पानी पर्दछ ।

## जैविक विविधता

यस प्राणी उद्यानको शुक्ष्म जलवायुको कारणले बिशेषत Hygroscopic *Schima wallichii-Castanopsis tribuloides* / Hygroscopic *Schima wallichii* गरी दुईवटा पारिस्थिकिय प्रणालिहरु समेटेको छ । साथै वृक्षारोपण गरेको सल्लाको वन पनि छ ।

## वन्यजन्तु

पछिल्लो अध्ययन अनुसार राष्ट्रिय प्राणी उद्यान क्षेत्रमा पाइने चरा ९५ प्रजातिका छन् भने स्तनधारी वन्यजन्तु १५ प्रजातिका छन् । चितुवा, रतुवा मृग, चरीबाघ, सालक, बँदेल, दुम्सी, बाँदर, खरायो, न्याउरीमुसा, निरबिरालो तथा बाँदर यस क्षेत्रका मुख्य स्तनधारी वन्यजन्तु हुन् । नेपालका संरक्षित वन्यजन्तुहरु मध्ये २ वटा संरक्षित वन्यजन्तु यस क्षेत्रमा पाइन्छन् । यस क्षेत्रमा पाइने स्तनधारी वन्यजन्तु र चरा प्रजातिको विवरण अनुसूची-२ र नेपालका संरक्षित वन्यजन्तुको विवरण अनुसूची-३ मा राखिएको छ ।

## वनस्पति

सूर्यविनायक वन क्षेत्रमा वानस्पतिक प्रजातिको अनुपम विविधता छ । पछिल्लो अध्ययनअनुसार यस क्षेत्रमा ६७८ प्रजातिका वनस्पतिको अभिलेख रहेको छ । जसमध्ये रुख १२४ प्रजाति, बुट्यान १०२ प्रजाति, जडिबुटी ४२४ प्रजाति र लहरा २८ प्रजाति रहेका छन् । यस क्षेत्रमा पाइने पहिचान भएको वनस्पति प्रजातिहरुको विवरण अनुसूची-४ र नेपालका प्रतिबन्धित वनस्पतिको विवरण अनुसूची-५ मा राखिएको छ ।

## दर्शनीय एवं भ्रमणका स्थल

राष्ट्रिय प्राणी उद्यान क्षेत्रको जैविक विविधता अवलोकन आफैंमा आकर्षक छ । सूर्यविनायक गणेश मन्दिर, पाइलटबाबा आश्रम, डोलेश्वर मन्दिर, रानीकोट दरवार, पाथिभरा मन्दिर, लिखानारमयण मन्दिर, पालान्चोक भगवती मन्दिर घ्याम्पे डाँडा लगायत यहाँका मुख्य पर्यटकीय गन्तव्यका आकर्षण हुन् । उक्त मठ मन्दिर तथा धार्मिक क्षेत्रहरुमा श्रद्धालु भक्तजनहरुको राम्रो उपस्थिति रहेको पाईन्छ ।

## राष्ट्रिय प्राणी उद्यानको नक्सा




## राष्ट्रिय प्राणी उद्यानको परिकल्पना, लक्ष्य र उद्देश्यहरु

### परिकल्पना :

भक्तपुर जिल्लाको सूर्यविनायक क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरको राष्ट्रिय प्राणी उद्यान स्थापना भै पूर्ण क्षमतामा सञ्चालन गरी स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा टेवा पुर्याउने ।

### लक्ष्य :

प्राणी उद्यानको स्थापनाबाट दुर्लभ तथा अन्य वन्यजन्तुको पर-स्थानीय संरक्षण तथा व्यवस्थापन मार्फत पर्यापर्यटन प्रवर्द्धन गरि स्थानीय तथा राष्ट्रिय आम्दानीमा टेवा पुर्याउने ।

### उद्देश्यहरु :

- दुर्लभ एवं संकटापन्न प्रजातिको कृत्रिम प्रजननबाट संख्या बढाउने ।
- वन्यजन्तुको स्वभाव एवं आनिबानिबारे अध्ययन ।
- वन्यजन्तुको उद्दार एवं उपचार ।
- जैविक विविधता संरक्षणको लागि संरक्षण शिक्षा प्रदर्शनस्थल ।
- मानव समुदायलाई मनोरञ्जन आमोद-प्रमोद ।
- पर्या-पर्यटन प्रवर्द्धनमार्फत राष्ट्रिय आयमा वृद्धि गर्ने ।

## राष्ट्रिय प्राणी उद्यानभित्र निषेधित गतिविधिहरु

सम्बन्धित निकायको सहमति बेगर राष्ट्रिय प्राणी उद्यान भित्र देहायका कार्य गर्न गराउन पाइने छैनः

- परम्परागत रुपमा स्थानीय समुदायले प्रयोग गर्दै आएको बाटो बाहेक अन्य बाटो प्रयोग गर्न
- वन क्षेत्रमा कुनै प्रकारले आवाद गर्न वा अतिक्रमण गर्न ।
- वनमा आगो लगाउन वा आगलागी हुन जाने कुनै किसिमको कार्य गर्न ।
- अनुमति भएकोमा बाहेक अन्य किसिमले चलचित्र छाँयाङ्कन गर्न ।
- वन क्षेत्रको रुख वा विरुवा काट्न, हाँगाबिंगा छिमल्न वा कुनै पनि प्रकारले नोक्सानी गर्न
- वन क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवा वा माटो झिक्न ।
- वन सिमाना र सूचना बोर्डहरु उखेल्ने, सार्ने, फेर्ने मेट्ने वा बिगार्ने काम गर्न ।
- वन्यजन्तुलाई हानी हुने किसिमको कार्य गर्न वा शिकार खेल्न
- फोहोरमैला गर्न वा कुनै किसिमको फोहोर फाल्न ।

## नेपालका मिनि जु अभिलेखिकरण

नेपालको विभिन्न सामुदायिक वन क्षेत्र साथै सार्वजनिक स्थलमा संचालित मिनि जुहरुको बारेमा यस प्राणी उद्यान कार्यालयबाट विगतका आ.व. हरुमा अध्ययन अवलोकन भई त्यहाँ रहेका प्रजातिहरु, मिनि जु व्यवस्थापन अवसर तथा चुनौतीहरुको बारेमा विवरण संकलन गरिएको छ । संकलित तथ्यहरुलाई अभिलेखिकरण गरी पुस्तक समेत प्रकाशन गरिएको छ । नेपालका मिनि जुहरुको संक्षिप्त तथ्यसहितको विवरण अनुसूची-६ मा संलग्न गरिएको छ ।

# भाग-२
# राष्ट्रिय प्राणी उद्यान सञ्चालनको कानूनी आधारशीला

## क) राष्ट्रिय प्राणी उद्यान केन्द्र सञ्चालन निर्देशिका, २०७२

नेपाल सरकार (मा.मन्त्रिस्तर) बाट स्वीकृत मिति २०७२।४।२०

भक्तपुर जिल्लाको २४५.१६५ हेक्टर वन क्षेत्रमा राष्ट्रिय प्राणी उद्यान स्थापना गर्ने, उक्त राष्ट्रिय प्राणी उद्यान स्थापनार्थ सम्पूर्ण व्यवस्था मिलाउन वन तथा भू-संरक्षण मन्त्रालयलाई निर्देशन दिने, राष्ट्रिय प्राणी उद्यान स्थापनाको लागि आवश्यक रकमको व्यवस्था अर्थ मन्त्रालयले गर्ने, नेपालको अन्य स्थानमा पनि यस प्रकारका राष्ट्रिय प्राणी उद्यानहरुको आवश्यकता र सम्भाव्यताको आधारमा स्थापना गर्ने कार्य अगाडि बढाउन वन तथा भू-संरक्षण मन्त्रालयलाई निर्देशन दिने भनी नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७१/१०/२९ मा भएको निर्णय कार्यान्वयन गर्ने सन्दर्भमा उक्त केन्द्र सञ्चालनको लागि निर्देशिका बनाई कार्यान्वयन गर्नुपर्ने आवश्यकता भएको हुँदा नेपाल सरकार (मा. मन्त्रीस्तर) को मिति २०७२/४/२० को निर्णयानुसार यो निर्देशिका बनाई लागू गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "राष्ट्रिय प्राणी उद्यान केन्द्र सञ्चालन निर्देशिका, २०७२" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "अध्यक्ष" भन्नाले निर्देशन समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "राष्ट्रिय प्राणी उद्यान" भन्नाले संरक्षण शिक्षा, मनोरञ्जन, प्रजनन्, वंशाणु श्रोतको संरक्षण, अध्ययन तथा अनुसन्धान गर्ने उद्देश्यले जीवजन्तुहरु परस्थानमा प्रदर्शनीमा राखी व्यवस्थापन गरिएको स्थान वा अन्तरराष्ट्रिय प्रचलन अनुसार स्थापना गरिने प्राणी उद्यान (नेसनल जुलोजिकल गार्डेन) लाई सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले वन तथा भू-संरक्षण मन्त्रालय सम्झनु पर्छ ।

(घ) "विभाग" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग सम्झनु पर्छ ।

(ङ) "सदस्य" भन्नाले निर्देशन समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले निर्देशन समितिको अध्यक्ष समेतलाई जनाउँछ ।

(च) "सदस्य सचिव" भन्नाले निर्देशन समितिको सदस्य सचिव सम्झनु पर्छ ।

(छ) "केन्द्र" भन्नाले दफा ३ बमोजिम तोकिएको राष्ट्रिय प्राणी उद्यान केन्द्र सम्झनु पर्छ ।

(ज) "निर्देशन समिति" भन्नाले दफा ४ बमोजिमको राष्ट्रिय प्राणी उद्यान केन्द्र सञ्चालन निर्देशन समिति सम्झनु पर्छ ।

३. **राष्ट्रिय प्राणी उद्यान केन्द्र** : (१) मन्त्रिपरिषद्को मिति २०७१।१०।२९ को निर्णयानुसार राष्ट्रिय प्राणी उद्यान स्थापना तथा संचालन गर्नको लागि सचिवालयको रुपमा काम गर्न राष्ट्रिय प्राणी उद्यान केन्द्र तोकिने छ ।

(२) उपदफा (१) बमोजिम तोकिएको केन्द्र रहने स्थानको निर्धारण निर्देशन समितिको निर्णय बमोजिम हुनेछ ।

४. **निर्देशन समिति** : राष्ट्रिय प्राणी उद्यान स्थापना एवं सञ्चालन गर्नको लागि नीति निर्माण, योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, समन्वय तथा अनुगमन गर्ने उद्देश्यले देहायबमोजिमको "राष्ट्रिय प्राणी उद्यान केन्द्र संचालन निर्देशन समिति" रहनेछ :-

| | | |
|---|---|---|
| (क) | सचिव, वन तथा भू-संरक्षण मन्त्रालय, | - अध्यक्ष |
| (ख) | महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | - सदस्य |
| (ग) | सहसचिव, अर्थ मन्त्रालय | - सदस्य |
| (घ) | महानिर्देशक, वन विभाग | - सदस्य |
| (ङ) | महानिर्देशक, वनस्पति विभाग | - सदस्य |
| (च) | महानिर्देशक, पशु सेवा विभाग | - सदस्य |
| (छ) | निर्देशक, राष्ट्रिय प्रकृति संरक्षण कोष | - सदस्य |
| (ज) | भक्तपुर जिल्ला सूर्यविनायक नगरपालिका प्रमुख | - सदस्य |
| (झ) | मन्त्रालयले तोकेको नेपाल वन सेवाको राजपत्रांङ्कित प्रथम श्रेणीको अधिकृत | - सदस्य-सचिव |

५. **निर्देशन समितिको काम कर्तव्य र अधिकार** : यस निर्देशिकामा अन्यत्र लेखिएका काम, कर्तब्य र अधिकारको अतिरिक्त निर्देशन समितिको काम, कर्तय र अधिकार देहायबमोजिम हुनेछ :-

(क) राष्ट्रिय प्राणी उद्यानको सञ्चालन र व्यवस्थापनका लागि आवश्यक नीति, रणनीति, गुरुयोजना तथा व्यवस्थापन योजना बनाउने र कार्यान्वयन गर्ने, गराउने,

(ख) देशका विभिन्न स्थानमा प्राणी उद्यान स्थापना गर्नु पर्ने देखिएमा आवश्यकताको पहिचान गरी निर्णयको लागि मन्त्रालयमा सिफारिस गर्ने, र सोको अनुगमन तथा नियमन गर्ने गराउने ।

(ग) राष्ट्रिय प्राणी उद्यानको सञ्चालन एवं व्यवस्थापन गर्न आवश्यक पर्ने प्राविधिक जनशक्ति तथा प्रविधिको विकास र वित्तीय स्रोत जुटाउन पहल गर्ने,

(घ) प्राणी उद्यानको व्यवस्थापन तथा समन्वय गर्न राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा सम्पर्क निकायको रुपमा काम गर्ने,

(ङ) समस्याग्रस्त, घाईते, अपाङ्ग एवं टुहुरा वन्यजन्तुको उद्धार, उपचार, र पुनर्स्थापना गर्न गराउन आवश्यक पर्ने जनशक्ति तथा स्रोतसाधन उपलब्ध गराउने,

(च) संकटापन्न सूचीमा रहेका वन्यजन्तुको परस्थानीयरुपमा पालन, प्रजनन् र पुनर्स्थापना गर्ने कार्यका लागि सम्बद्ध निकायसंग समन्वय तथा पहल गर्ने,

(छ) प्राणी उद्यानको मापदण्ड तयार गरी नेपाल सरकारको स्वीकृतिको लागि सिफारिस गर्ने,

(ज) प्राणी उद्यानको प्रवेश दस्तूर तोक्ने निर्णयका लागि नेपाल सरकारमा सिफारिस गर्ने,

(झ) प्राणी उद्यान तथा वन्यजन्तु संरक्षणसंग सम्बन्धित संस्था वा निकायको मापदण्ड निर्धारणका लागि मन्त्रालयमा सिफारिससाथ पेश गर्ने तथा सम्बन्धित संस्था वा निकायलाई निर्देशन दिने,

(ञ) नेपाल सरकारले तोकेका अन्य कार्य गर्ने गराउने ।

६. **निर्देशन समितिको बैठकसम्बन्धी कार्यविधि** : (१) निर्देशन समितिको बैठक प्रत्येक चार महिनामा एक पटक बस्नेछ ।

तर आवश्यकता भएमा निर्देशन समितिको बैठक सोभन्दा बढी पटक पनि बस्न सक्नेछ ।

(२) अध्यक्षको निर्देशनमा सदस्य-सचिवले समितिको बैठक बोलाउने छ ।

(३) निर्देशन समितिमा तत्काल कायम रहेका कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा निर्देशन समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) निर्देशन समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मतसमेत दिनेछ ।

(५) निर्देशन समितिको बैठकको निर्णय अध्यक्षद्वारा प्रमाणित गरिनेछ ।

(६) निर्देशन समितिको बैठकमा सम्बन्धित पदाधिकारी तथा विशेषज्ञलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

(७) निर्देशन समितिको बैठकसम्बन्धी अन्य कार्यविधि निर्देशन समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

७. **सदस्य सचिवको काम, कर्तव्य र अधिकार** : (१) यस निर्देशिकामा अन्यत्र लेखिएका काम, कर्तब्य र अधिकारका अतिरिक्त सदस्य-सचिवको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) सचिवालयको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने,

(ख) सचिवालयको प्रशासकीय काम कारवाहीलाई व्यवस्थित गर्ने, गराउने,

(ग) वार्षिक वजेट कार्यक्रम तथा योजना तयार गरी स्वीकृतिका लागि निर्देशन समिति समक्ष पेश गर्ने,

(घ) निर्देशन समितिबाट स्वीकृत वार्षिक कार्यक्रम तथा योजना कार्यान्वयन गर्ने गराउने,

(ङ) वार्षिक प्रतिवेदन तयार गरी निर्देशन समिति समक्ष पेश गर्ने,

(च) राष्ट्रिय प्राणी उद्यानको काम कारवाहीसम्बन्धमा अन्य निकायसंग समन्वय गर्ने,

(छ) निर्देशन समितिबाट अधिकार प्रत्यायोजन भएबमोजिमका अन्य कार्य गर्ने,

(ज) निर्देशन समितिबाट भएका निर्णय कार्यान्वयन गर्ने, गराउने,

(झ) निर्देशन समितिले तोकिदिएबमोजिमका अन्य काम गर्ने गराउने ।

८. **निर्देशन समितिले निर्धारण गरेको नीति, रणनीति तथा निर्देशन पालना गर्नुपर्ने** : निर्देशन समितिले निर्धारण गरेको नीति, रणनीति तथा निर्देशन पालना गर्नु सम्बद्ध सबै निकायको कर्तव्य हुनेछ ।

९. **सचिवालय** : (१) निर्देशन समितिको निर्णयबमोजिमको दैनिक प्रशासनिक काम कारबाहीको लागि राष्ट्रिय प्राणी उद्यान केन्द्रले सचिवालयको काम गर्नेछ ।

(२) सचिवालयको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) निर्देशन समितिले सम्पादन गर्ने काम कार्यबाहीमा निर्देशन समितिलाई सहयोग पुऱ्याउने,

(ख) बैठकको लागि प्रस्ताव तयार गर्ने,

(ग) निर्देशन समितिको निर्णय कार्यान्वयन गर्ने,

(घ) निर्देशन समितिबाट तोकिएबमोजिमका अन्य काम गर्ने ।

१०. **केन्द्रको लागि कर्मचारी खटाउन सक्ने** : राष्ट्रिय प्राणी उद्यान केन्द्रको नियमित काम कारवाही सञ्चालन गर्नको लागि मन्त्रालयले नेपाल सरकारका कर्मचारीलाई जिम्मेवारी तोक्न वा काजमा खटाउन सक्नेछ ।

११. **केन्द्रको वार्षिक बजेट व्यवस्था** : (१) राष्ट्रिय प्राणी उद्यान केन्द्रको लागि आवश्यक बजेटको व्यवस्था नेपाल सरकारको नियमित बजेटबाट व्यवस्थापन हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि केन्द्रको कार्य सञ्चालनको लागि आवश्यक रकम देहायबमोजिमका स्रोतबाट समेत व्यवस्थापन गर्न सकिनेछ :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) स्वदेशी व्यक्ति, संघ संस्था वा निकायबाट प्राप्त रकम,

(ग) विदेशी सरकार, संघ सस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिम विदेशी सरकार, संघ सस्था वा व्यक्तिबाट रकम प्राप्त गर्नु अघि अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको राष्ट्रिय प्राणी उद्यान केन्द्रको नाममा रहने रकम निर्देशन समितिले तोकेको बैंक तथा वित्तीय संस्थासम्बन्धी प्रचलित कानूनबमोजिम वित्तीय कारोबार गर्न स्थापना भएको "क" वर्गको इजाजत प्राप्त कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) केन्द्रको खाताको सञ्चालन सदस्य-सचिव वा निजले तोकेको अधिकृत र लेखा प्रमुखको संयूक्त दस्तखतबाट हुनेछ ।

१२. **लेखा र लेखा परीक्षण** : (१) केन्द्रको आयव्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचाबमोजिम राखिने छ ।

(२) केन्द्रको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

१३. **निर्देशन दिन सक्ने** : मन्त्रालयले यस निर्देशिकाको कार्यान्वयन गर्न निर्देशन समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ । त्यसरी दिइएको निर्देशन पालना गर्नु निर्देशन समितिको कर्तव्य हुनेछ ।

१४. **प्रतिवेदन पेश गर्ने :** (१) निर्देशन समितिले वर्षभरिमा आफूले सम्पादन गरेका मुख्य मुख्य काम कारवाहीहरु, कार्यान्वयन गरेको योजना तथा कार्यक्रम र सो अनुसार सम्बन्धित सरोकारवाला निकायहरुबाट भएका काम तथा हासिल गरेका उपलब्धीसमेत समावेश भएको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिनाभित्र मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन निर्देशन समितिको निर्णय अनुसार केन्द्रले सार्वजनिक गर्नेछ ।

## ख) चिडियाखाना, वन्यजन्तु उद्दार केन्द्र तथा वन्यजन्तु अस्पतालसम्बन्धी कानूनी व्यवस्था :

**राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को दफा १५ बमोजिम** :

१५. **नमूना सङ्कलन गर्न इजाजतपत्र लिनु पर्ने** : (१) इजाजतपत्र प्राप्त नगरी कुनै पनि व्यक्तिले राष्ट्रिय निकुञ्ज, आरक्ष वा अन्य वन्यजन्तु वासस्थानबाटै वैज्ञानिक अनुसन्धानको लागि नमूना सङ्कलन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिमको इजाजतपत्र लिन चाहने व्यक्तिले तोकिएको अधिकारी समक्ष तोकिएको ढाँचाको दरखास्त दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको दरखास्त पर्न आएमा तोकिएको अधिकारीले तोकिएबमोजिमको दस्तुर अनुसूची-१ मा उल्लेखित वन्यजन्तु बाहेक जुनसुकै वन्यजन्तुको शिकार गर्न वा कुनै कीट, कीटाणु, माछा वा कुनै प्राकृतिक उपज जम्मा गर्न तोकिएको शर्तहरु पालन गर्ने गरी इजाजतपत्र दिन सक्नेछ ।

[ज्ञ][☞]१५क. **वन्यजन्तुको अध्ययन अनुसन्धान, प्रजनन तथा पालन गर्न सक्ने** : (१) वन्यजन्तुको संरक्षण, प्रवर्द्धन र दिगो उपयोगमा सघाउ पुऱ्याउने उद्देश्यले वन्यजन्तुको अध्ययन, अनुसन्धान वा व्यवसायिक रुपमा प्रजनन तथा पालन गर्न चाहने व्यक्ति वा संस्थाले तोकिएबमोजिम अनुमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम वन्यजन्तुको प्रजनन तथा पालनको लागि आवश्यक पर्ने बीउ प्राणी (सिड एनिमल) तोकिएबमोजिम उपलब्ध गराउन सकिनेछ ।

(३) उपदफा (१) बमोजिम अनुमति प्राप्त गरी व्यावसायिक रुपमा उत्पादन गरिएका वन्यजन्तु वा तीनका अङ्ग वा अङ्गबाट तयार गरिएको वस्तु तोकिएबमोजिम उपयोग, बिक्री, वितरण वा निकासी गर्न सकिनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएबमोजिमका वन्यजन्तुलाई तोकिएबमोजिमको अवस्थामा नेपालभित्र एक ठाउँबाट अर्को ठाउँमा ओसारपसार गर्न वा कुनै मुलुकमा निकासी गर्न वा कुनै मुलुकबाट पैठारी गर्न पाइने छैन ।

[☞]१५ख. **अनुसन्धान वा शैक्षिक प्रदर्शनीको लागि वन्यजन्तु प्रदान गर्न सकिने** : (१) वन्यजन्तुको वैज्ञानिक अध्ययन, अनुसन्धान वा शैक्षिक प्रदर्शन गर्ने ख्यातिप्राप्त स्वदेशी वा विदेशी संघ, संस्थाले अध्ययन, अनुसन्धान वा शैक्षिक प्रदर्शनीको प्रयोजनको लागि कुनै वन्यजन्तु माग गरी नेपालको राष्ट्रिय निकुञ्ज,

1

आरक्ष, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्र तथा वन्यजन्तुको संरक्षण, सम्बर्द्धन र विकासको लागि सहयोग पुऱ्याउने लिखित प्रतिबद्धतासहित निवेदन पेश गरेमा नेपाल सरकारले त्यस्तो कार्यको लागि उक्त संस्थालाई वन्यजन्तु प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अध्ययन वा अनुसन्धानको लागि कुनै वन्यजन्तु प्रदान गर्दा त्यस्तो अध्ययन वा अनुसन्धानबाट प्राप्त हुने नतिजा नेपालको लागि समेत उपयोगी हुने ठानेमा नेपाल सरकारले त्यस्तो नतिजा नेपाललाई समेत उपलब्ध गराउने शर्त सहित त्यस्तो वन्यजन्तु प्रदान गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम वन्यजन्तु प्रदान गर्दा लाग्ने दस्तुर, पालना गर्नुपर्ने शर्त तथा अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

[*]१५ग. <u>चिडियाखाना, वन्यजन्तु उद्दार केन्द्र तथा वन्यजन्तु अस्पताल स्थापना गर्न सकिने</u> : (१) कुनै संस्था, निकाय वा स्थानीय तहले संरक्षण शिक्षा, मनोरञ्जन, प्रजनन, वंशाणु श्रोत संरक्षण तथा अध्ययन, अनुसन्धान गर्ने प्रयोजनका लागि तोकिएबमोजिम इजाजतपत्र प्राप्त गरी चिडियाखाना सञ्चालन गर्न सक्नेछ ।

(२) कुनै पनि व्यक्ति, संस्था वा स्थानीय तहले टुहुरा, असहाय, समस्याग्रस्त र उद्धार गरिएका वन्यजन्तुहरुको संरक्षण र व्यवस्थापनको लागि वन्यजन्तु उद्धार केन्द्र र वन्यजन्तु अस्पताल स्थापना गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम चिडियाखाना, वन्यजन्तु उद्धार केन्द्र तथा वन्यजन्तु अस्पताल स्थापना र सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१५घ. <u>जैविक मार्गको संरक्षण र सम्वर्द्धन</u> : (१) नेपाल सरकारले आवश्यक देखेमा राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्र भन्दा बाहिरको कुनै क्षेत्रलाई जैविक मार्ग घोषणा गरी सम्बन्धित उपभोक्ता समितिसँग परामर्श गरी सो को संरक्षण र सम्बर्द्धनको व्यवस्था गर्न सक्नेछ ।

(२) जैविक मार्गको संरक्षण र सम्वर्द्धन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

[*]१५ङ. <u>विदेशी मुलुकलाई वन्यजन्तु उपलब्ध गराउन सकिने</u> : (१) कुनै पनि विदेशी मुलुकको सरकारले तोकिएको शर्तको अधीनमा रही नेपालमा रहेको वन्यजन्तु माग गरेमा र नेपाल सरकारले संरक्षण र व्यवस्थापनका दृष्टिकोणले उपयुक्त ठानेमा तोकिए बमोजिमको प्रक्रिया पुरा गरी त्यस्ता वन्यजन्तु उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम वन्यजन्तु उपलब्ध गराएको वार्षिक विवरण वन तथा भू-संरक्षण मन्त्रालयले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सङ्घीय संसदको सम्बन्धित समिति समक्ष पेश गर्नु पर्नेछ ।

<u>राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को दफा २६ को उपदफा ५ (ग) बमोजिम दण्ड सजाय</u> : (५ग) कसैले यस ऐन अन्तर्गत इजाजत प्राप्त नगरी वन्यजन्तु पालन वा प्रजनन गरे गराएमा वा चिडियाखाना <u>सञ्चालन गरेमा</u> छ महिनासम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

2

# भाग-३
# आ.व. २०७९/०८० मा सञ्चालित कार्यक्रमहरू

आ.व. २०७९/०८० मा यस राष्ट्रिय प्राणी उद्यानलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग आयोजना अन्तर्गतका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न प्राप्त अख्तियारीमा उल्लिखित कार्यक्रमहरू सम्पन गरिएको छ । यस आ.व.को स्वीकृत वार्षिक कार्यक्रमको भौतिक एवं वित्तीय प्रगति विवरण अनुसूची-७ मा प्रस्तुत गरिएको छ ।

## पूँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु

### मेशीन औजार खरिद

आ.व. २०७९/०८० को स्वीकृत कार्यक्रम अनुसार राष्ट्रिय प्राणी उद्यानको कार्यालय सञ्चालनका लागि आवश्यक पर्ने देहायका मेशीनरी सामान खरिद गरिएको छ ।

#### मोटर साइकल/स्कुटर खरिदः

कार्यालयमा कार्यरत महिला कर्मचारीको लागि समेत सहज हुने गरि आवश्यकता अनुरुप RAY ZR STREET RALLY 125 CC यामाहा स्कुटर खरिद गरिएको छ । जसबाट फिल्ड निरिक्षण साथै अन्य कार्यमा समेत टेवा पुग्नुका साथै प्रयोगकर्ता कार्यरत कर्मचारीहरुलाई पनि कार्य सम्पादनमा प्रोत्साहन मिलेको छ ।

#### डेस्कटप कम्प्युटर, ल्यापटप, प्रिन्टर र स्क्यानर खरिदः

कार्यालयको दैनिक प्रशासनिक कार्य सहजताका लागि डेस्कटप कम्प्युटर (Lenovo All in One PC- core i5 12th gen, 8GB RAM, 256GB SSD NVnm hard disc, windows 10 genuine, 23.8 in monitor) थान-१, ल्यापटप (Asus Core i7, 8GB RAM, 512GB SSD 14" MONITOR) थान-१, प्रिन्टर (Brother 2540dw, scan/print/photocopy/wifi/duplex) थान-१ र स्क्यानर (canon lide300) थान-१ खरिद गरिएको छ ।

#### डिजिटर क्यामेरा, बाइनाकुलर र जिपिएस खरिद :

यस आ.व.मा डिजिटल क्यामेरा (CANON EOS 80D (W) थान-१, बाइनाकुलर (Bushnell,10-90X80 ZOOM,180FT/1000YDS AT10X,60M/1000M AT 10X,JUMELLES) थान-१ र जिपिएस (GPS-GARMIN eTrex 10, 2.2" monochrome display) थान-१ खरिद गरिएको छ । प्राणी उद्यान क्षेत्रमा नियमित गस्ती, निरिक्षण कार्य साथै वन क्षेत्रको वस्तुस्थिति विवरणको अभिलेख राख्न यस्ता प्रकार मेशीनरी सामानले उचित टेवा पुगेको छ ।

### राष्ट्रिय प्राणी उद्यानको गुरुयोजनामा उल्लेखित कार्यहरुको डि.पि.आर. निर्माणको भुक्तानीः

राष्ट्रिय प्राणी उद्यानको गुरुयोजनामा उल्लेखित कार्यहरुको डि.पि.आर.तयार गर्ने कार्यको लागि आ.व. २०७७/०७८ मा परामर्श सेवा प्रदायक छनौट गर्न प्राविधिक प्रस्तावको मुल्याङ्कन सम्पन्न भई आर्थिक प्रस्ताव

खोल्ने सूचना प्रकाशन गरिएकोमा आ.व.२०७८/०७९ मा आर्थिक प्रस्ताव समेत खोली मुल्याङ्कनको बाँकी कार्य सम्पन्न गरि परामर्श सेवा प्रदायक छनौट गर्ने कार्य भयो ।

राष्ट्रिय प्राणी उद्यानको गुरुयोजनामा उल्लेखित कार्यहरुको डि.पि.आर.तयार गर्ने कार्यको लागि Udaya consultancy - PACE consultancy JV छनौट भई उक्त कार्य सम्पन्न गर्न सम्झौता भए बमोजिम कार्यादेश दिइएकोमा कोभिड-१९ को कारणले समयमै काम सुरु हुन नसकेता पनि फिल्ड सर्वेक्षण, टोपो सर्वे, डेमोग्राफि सर्वेक्षण, स्थानीय समुदायसँग विभिन्न चरणमा सुझाव संकलन लगायतका कार्यहरु समयमै सम्पन्न भई डिपिआर तयारी अन्तर्गत Master Plan Report of Preparation of Detailed Project Report (DPR) of National Zoological Garden at Suryabinayak, Bhaktapur पेश भई यससाथ प्राप्त भएका अन्य सबै प्रतिवेदनहरु स्वीकृतिका लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा पठाइएको छ । डिपिआर तयारीको लागि गत आवमा पुरा भुक्तानी नभएकोले बाँकी रहेको भूक्तानी यस आ.व.२०७९/०८० मा गरिएको छ ।


FINAL
Government of Nepal
Ministry of Forests and Environment
National Zoological Garden
Suryabinayak, Bhaktapur
Contract No.: RFP/QCBS/NZG/01/2077/2078
FINAL MASTER PLAN REPORT
OF
NATIONAL ZOOLOGICAL GARDEN (NZG)
Suryabinayak, Bhaktapur
Submitted by Joint Venture of:
Udaya Consultancy (P.) Ltd & Pace Consultants (P.) Ltd.
June, 2023

मुख्यतः Master Plan Report लाई देहायका दुईवटा अध्याय र एकवटा अनुसूचीमा समेटिएको छ ।

## अध्याय – एक

**Proposed Master Plan and Detailing of National Zoological Garden at Suryabinayak Site**

जस अनुसार अध्याय एकमा Proposed Master Plan of National Zoological Garden in Suryabinayak मा देहायका विषयहरु समेटिएको छ ।

1. Zonation of major activities in the site

यस भित्र Topography and land form, Biodiversity, Orientation and sun light, Buffer area, Blockage of existing road network, Animal needs, Visitors' need र Zoo staffs' need लगायतका पक्षहरुलाई समावेश गरि विभिन्न ४ वटा विकल्पहरुमा अध्ययन गरिएको छ ।

2. Hybrid Option: Final Master Plan and Land use Zoning

विभिन्न ४ वटा विकल्पहरु मध्ये सबैभन्दा उत्तम विकल्प छनौट गरि सोहि बमोजिम Proposed Master Plan लाई प्रस्तुत गरिएको छ ।

3. Purposed Landuse Plan

यस भित्र Botanical garden, Resort, Sky bridge, Meditation center, Commercial area just outside the main entry point, Administrative block, Toilet, Souvenir shop/museum handicraft block and restaurant, Parking area, Landscape area, Aquatic exhibit area, Herbivorous animal, Primates, Aviary and fauna, Farmland for food production, Carnivorous animal exhibit, Rescue center, Cable car routs, Dewali area, Natural conservation zone, Cremation area, Surplus animal management zone, Eco trekking route, Future animal exhibit expansion, NZG office area, Suryabinayak temple complex, Kul pooja area, Cultivation area, Recreation area, Staff housing / Likhanarayan temple complex गरि जम्मा ३१ वटा प्रस्तावित कार्यहरुको लागि नक्शासहित क्षेत्र र क्षेत्रफल निर्धारण गरिएको छ ।

## अध्याय – दुई

**Design and Detailing of various Components.**

जस अनुसार अध्याय दुईमा देहायका विषयहरु समेटिएको छ ।

1. Habitat Components

Animal Exhibits, Building Blocks and Landscaping

2. Proposed Physical Infrastructure, Service and Utility

Eco trekking route, wooden culvert, public toilets, rest places (chautari & gazebo), viewing decks along the route, Glass Bridge

3. Recreation facilities

Botanical garden, Children Park, technical feasibility of special infrastructure like zip flyer, sky walking and cable car

4. Proposed community facilities: improvement of the existing infrastructure

Peripheral road, Diwali places grouped in to the one location, waiting shades, public toilets, improvement of access, drinking water provision, parking and landscaping areas, Mediation center.

प्रस्तावित गुरुयोजनामा समावेश भएका केहि फोटोहरु (3D Photos)



*View point*



*Building*



*Trail Route*



*Sloth bear render image*



*restaurant & museum*



*Research Center*



*Primates*



*MP WITH TREES*



*Entry landscape*



*Enscape*



*Common Langur Section*



*Central Park*



*Central Park*



*Asamese Section*



*Acquarium Area*



*Staff Office*



*MAIN ENTRY*

## अध्याय - एक

### Animals' behavior and requirement for exhibit enclosure

यसमा Herbivorous, Carnivores र Omnivorous गरि ३ समूहका वन्यजन्तु प्रजातिहरुको आनीवानी र प्रदर्शनीका लागि तयार गरिने इन्क्लोजरको आवश्यकता प्रस्तुत गरिएको छ ।

1. Herbivorous animals' behavior and requirement for exhibit enclosure

जस अन्तर्गत Rhinoceros, Elephant, Wild buffalo, Blue bull, Spotted deer, Swamp deer, Hog deer, Barking deer, Black buck, Four horned antelope, Samber deer, Himalayan goral, Hippopotamus / Common langur प्रजातिहरुको आनीवानी र प्रदर्शनीका लागि तयार गरिने इन्क्लोजरको वर्णण गरिएको छ ।

2. Carnivore animals' behavior and requirement for exhibit enclosure

जस अन्तर्गत White mice, Common palm civet/Himalayan palm civet, Large indian civet, Burmese ferret badger, Wild boar, Jackal, Sloth bear, Brown bear, Himalayan/Asiatic black bear, Common leopard, Royal bengal tiger, Leopard cat, Jungle cat र Lion प्रजातिहरुको आनीवानी र प्रदर्शनीका लागि तयार गरिने इन्क्लोजरको वर्णण गरिएको छ ।

3. Omnivorous animals' behavior and requirement for exhibit enclosure

यस अन्तर्गत Rhesus macaque, Mona monkey, Vervet monkey / Pats monkey प्रजातिहरुको आनीवानी र प्रदर्शनीका लागि तयार गरिने इन्क्लोजरको वर्णण गरिएको छ ।

Master Plan Report पश्चात् Preparation of Detailed Project Report (DPR) of National Zoological Garden at Suryabinayak, Bhaktapur को समेत Report पेश भईसकेको छ । जसले राष्ट्रिय प्राणी उद्यानको विभिन्न पक्षहरुको विस्तृत एवं डिजाईनको विवरण प्रस्तुत गरेको छ । Master Plan Report मा समावेश भएका कार्यहरुको डिटेलिङ्ग र सोको डिजाईनहरु Detailed Project Report (DPR) मा राखिएका छन् ।

SITE ANALYSIS (Constraints and Opportunities) मा Topography, Sensitive ecology, Public road network र Occupied for diverse activities लाई Constraints को रुपमा लिइएको छ भने Location, Public landownership, Forest र Existence of habitats and wildlife लाई Opportunities का रुपमा लिइएका छन् ।

राष्ट्रिय प्राणी उद्यानको Climatic Analysis (Weather of Bhaktapur: Temperature, Rainfall, Humidity and Sunshine, Impacts of Climate Change on Plantations and Wildlife, Conflict between Human and Wildlife साथै Land Suitability Analysis समेत गरि प्रयाप्त अध्ययन गरिएको छ ।

मुख्यत: National Zoological Garden को Planning and Design Concept लाई साराशंमा देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| Theme | Clients | Attributes | Results |
|---|---|---|---|
| Conservation, education and entertainment | Animal | - Animal exhibit with multiple spaces including day and night (summer and winder) time | Active |
| | | - Enrichment in the animal exhibit with stimulating elements (exercise), hygienic food supply and regular health checking and treatment | Healthy |
| | | - Privacy, breeding spaces and resting places;<br>- Flexible spaces with future expansion area | Thriving |
| | Visitors | - Clear view from multiple sides and angles | Entertained |
| | | - Feeling of safety and protection from sun and rain | Comfortable |
| | | - Immersion design supported by landscaping elements and entertainment features | Inspired |
| | | - Active participation: eating with wildlife, extra information, interacting with wildlife food serving, | Ready for action |
| | Staffs | - Separate circulation for serving food, waste management and treatment | Care and management |
| | | - Spaces and program for research and education including diverse complementing facilities | Mission and education |
| | | - Multiple services available for guest | Engage with guests |
| | | - Combining common facilities such as one kitchen serving two or more animal exhibits based on animal characters;<br>- Integrated facilities under one roof: Zoo, rescue centre and animal hospital;<br>- Producing foods for wildlife within the site as far as possible;<br>- Integrating with various income generating amenities | Sustainable operation |
| | | - - Date base, observation of animal behaviors and research facilities for domestic and international scholars, finding dissemination and networking | Research |

त्यस्तै DESIGN AND DETAILING OF VARIOUS COMPONENTS मा Habitat Components, Proposed Physical Infrastructure, Service and Utility, Recreation facilities, proposed community facilities: improvement of the existing infrastructure को Map wise प्रस्तुत गरिएको छ ।

साथै PHASE WISE IMPLEMENTATION AND REVENUE PROJECTION (Phase Wise Implementation, Economic Analysis and Investment Strategy) / MANAGEMENT PLAN, MAINTENANCE AND OPERATION GUIDELINES AND HUMAN RESOURCES सम्बन्धी आवश्यकीय अध्ययन गरिएको छ । जसमा Implementation phase and cost allocation को संक्षेपीकरण निम्न रहेको छ ।

| Phase wise development | Major components | Cost allocation | Time line |
|---|---|---|---|
| I | Habitat, Physical Infrastructure, service and utilities, Recreation and utilities, Planning and design of existing infrastructure, Environmental infrastructure, Operation and maintenance plan | 2,009,085,030.35 | 2025-2030 |
| II | | 2,565,932,502.45 | 2030-2035 |
| III | | 1,729,719,774.70 | 2035-2040 |
| IV | Recreational Infrastructure for Revenue Generation | 2,142,097,496.50 | 2040-2045 |
| V | | 1,903,955,102.00 | 2045-2050 |
| | **Total** | **9,734,691,819.00** | **25 Year** |

## चालु खर्च अन्तर्गतका कार्यक्रमहरु

### वार्षिक प्रगति प्रतिवेदन प्रकाशन




राष्ट्रिय प्राणी उद्यानको गत आर्थिक वर्ष २०७८/०७९ को लागि स्वीकृत बार्षिक कार्यक्रमअनुसार गरेका गतिविधि तथा कार्यक्रमहरु र प्रगतिबारे स्थानीय जनता तथा सरोकारवाला सबैलाई जानकारी गराउने उद्देश्यले आर्थिक वर्ष २०७८/०७९ को वार्षिक कार्यक्रम प्रगति तथा अन्य गतिविधि समेटि वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गरिएको छ । उक्त प्रगति प्रतिवेदन प्रकाशनपश्चात् राष्ट्रिय प्राणी उद्यान स्थापना, उद्देश्य, कानूनी आधारशिला, वार्षिक कार्यक्रमअनुसारको प्रगति तथा अन्य गतिविधिबारे स्थानीय जनता तथा सरोकारवालाहरुलाई सूचना तथा जानकारी प्राप्त हुनेछ ।

### संरक्षण सम्वन्धी प्रचार प्रसार सामग्री उत्पादन तथा वितरण




संरक्षण सम्वन्धी प्रचार प्रसार सामग्री उत्पादन तथा वितरण कार्यक्रम अनुसार यस आ.व.मा संरक्षणसम्बन्धी जनचेतना अभिवृद्धि गर्न राष्ट्रिय प्राणी उद्यानको चिनारी, यस क्षेत्र र आसपासको जैविक विविधताको अवस्था एवं पर्यटकीय तथा दर्शनीय स्थल तथा स्रोत नक्शासमेत भएको डायरी प्रकाशन गरिएको छ । प्रकाशन गरिएको ८०० थान डायरी आसपासका विद्यालय, स्थानीय तह तथा अन्य सरोकारवाला निकायलाई वितरण गरियो ।

## संरक्षण सम्वन्धी स्कूल शिक्षा कार्यक्रम



वातावरण संरक्षणमा टेवा पुऱ्याउने उद्देश्यले उद्यानको आसपासमा रहेका सामुदायिक विद्यालयमा गठन गरिएका ईको क्लबमा आवद्ध विद्यार्थी भाईबहिनीहरु एवं इको क्लबका संरक्षक/सल्लाहकार शिक्षक/शिक्षिकालाई वातावरण संरक्षणमा जागरुक गराउन सूर्यविनायक नगरपालिका वडा नं.८ सिपाडोल र वडा नं.७ घ्याम्पेडाँडा स्थित सामुदायिक विद्यालयमा संरक्षणसम्बन्धी अभिमूखिकरण गरिएको थियो । यस कार्यले विद्यार्थी भाईबहिनीहरुलाई वन वन्यजन्तुको संरक्षण सम्बन्धी शिक्षा प्राप्त भई आगामी दिनमा संरक्षणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।





## ईको क्लव सञ्चालन

राष्ट्रिय प्राणी उद्यानले समेट्ने सुर्यविनायक नगरपालिका वडा नं.६,७ र ८ मा रहेका सामुदायिक विद्यालयहरुमा गठित ईको क्लवलाई सवलीकरण गर्नका साथै संरक्षणमा जागरुक बनाउन खेलकुदका सामग्रीहरु प्रदान गरिएको थियो ।







## राजश्व विवरण

राष्ट्रिय प्राणी उद्यानमा अन्य प्रशासनिक सेवा शुल्क, प्रशासनिक दण्ड,जरिवाना र जफत र बेरुजु लगायतका शिर्षकबाट यस कार्यालयमा राजश्व आम्दानी दाखिला हुने गरेको छ । आ.व.२०७९/०८० मा बेरुजु वापत् रु. ९३,७८३।५४ (अक्षरेपि त्रियानब्वे हजार सात सय त्रियासी रुपैया चवन्न पैसा मात्र) राजश्व दाखिला भएको छ ।

# भाग-४
# विविध

## मानव संशाधन र संरक्षण व्यवस्थापन

राष्ट्रिय प्राणी उद्यानको सुरु घोषणापश्चात् यस क्षेत्रको आवश्यकीय व्यवस्थापनका लागि विभिन्न कार्यहरु हुँदै आएका छन् । यस क्षेत्रमा विभिन्न विकास निर्माणका कार्यहरु हुँदै गर्दा सरकारी वन क्षेत्र अतिक्रमणको चपेटामा पर्ने उच्च जोखिमलाई आँकलन गर्दै मौजुदा वन क्षेत्रलाई संरक्षण गर्न, वन क्षेत्रमा बासस्थान रहेका वन्यजन्तुको संरक्षण गर्नका लागि कार्यालयबाट नियमित गस्ती, सरोकारवालाहरुसँग अन्तर्क्रिया, समन्वयका साथै जनचेतना अभिवृद्धिका कार्यहरु भैरहेका छन् । सिमित स्रोत साधनको वावजुद संरक्षण कार्य यथोचित रुपमा प्रभावकारी हुँदै आएको छ ।

हरेक आर्थिक वर्षमा यस कार्यालयको लागि अस्थायी दरवन्दी स्वीकृत भई स्थायी कर्मचारीहरुलाई कामकाजमा खटाई जनशक्ति व्यवस्थापन हुँदै आएको छ । यस आ.व. को लागि स्वीकृत भएको अस्थायी दरवन्दी विवरण अनुसूची-८ मा संलग्न छ । साथै यस आ.व. मा यस उद्यान कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण र स्वागत तथा विदाई हुने कर्मचारीहरुको विवरण अनुसूची-९ र १० मा क्रमशः संलग्न गरिएको छ ।

## मन्थली र कार्की गाउँको अव्यवस्थित बस्ती

अधिकांस परिधीमा निजी आवादी र सरकारी वन सीमाकंन गरी राष्ट्रिय प्राणी उद्यानको वन क्षेत्रलाई थप सुरक्षित गरिएको छ भने यस आ.व.मा सूर्यविनायक नगरपालिका वडा नं.८ को सिपाडोल क्षेत्रमा बाँकी रहेको सीमाकंन सम्पन्न भएको छ । अब सीमाकंनको बाँकी कार्य सूर्यविनायक नगरपालिका वडा नं.७ को मन्थली बस्तीमा मात्र रहेको छ । त्यस क्षेत्रमा रहेका मन्थली र कार्की गाउँको अव्यवस्थित बस्ती व्यवस्थापनका लागि समेत सार्थक प्रयासहरु हुँदै आएका छन् ।

यसमा सूर्यविनायक नगरपालिका वडा नं.७ अन्तर्गत राष्ट्रिय प्राणी उद्यान भित्र पर्ने मन्थली र कार्की गाउँको अव्यवस्थित बस्ती व्यवस्थापनका लागि हालसम्मका संकलित तथ्यहरु, पारिवारिक तथा घर टहराको वस्तुस्थिति विवरण साथै भएका विभिन्न प्रयासहरुको कार्य प्रगति अभिलेखिकरण गरिएको छ ।

### अव्यवस्थित बस्तिको पृष्ठभूमि

राष्ट्रिय प्राणी उद्यान घोषणा भए पश्चात् उद्यान र सीमानामा बसोबास गर्ने मानिसहरुको जग्गाको साँध सीमाना छुट्टयाउँदा ३० घरधुरीको ३५ वटा घर, टहरा, छाप्राहरु प्राणी उद्यानको क्षेत्रभित्र पर्न गएको छ । ती घर टहराहरुको फोटो तपशिल बमोजिम रहेका छन् ।



घरमुलिको नाम- मदन कार्की



घरमुलिको नाम- भरत कार्की



घरमुलिको नाम- उत्तम कुमार कार्की



घरमुलिको नाम- कृष्ण बहादुर कार्की



घरमुलिको नाम- सुनकुमारी कार्की



घरमुलिको नाम- निरन्जन कार्की



घरमुलिको नाम- राज कार्की



घरमुलिको नाम- कृष्ण बहादुर कार्की



घरमुलिको नाम- नरहरि लम्साल



घरमुलिको नाम- नातीकाजी विष्ट



घरमुलिको नाम- शिवकुमार विष्ट



घरमुलिको नाम- प्रकाश विष्ट



घरमुलिको नाम- रामकाजी विष्ट



घरमुलिको नाम- पुष्पकुमार कार्की



घरमुलिको नाम- प्रशुराम कार्की



घरमुलिको नाम- शारदा विष्ट



घरमुलिको नाम- पुन्यराम माक



घरमुलिको नाम- शेरबहादुर तमाङ



घरमुलिको नाम- मनोज कुमार कार्की



घरमुलिको नाम- विजय कुमार कार्की



घरमुलिको नाम- राजु कार्की



घरमुलिको नाम- घनश्याम बहादुर कार्की



घरमुलिको नाम- बदन मैया कार्की



घरमुलिको नाम- यज्ञ बहादुर कार्की



घरमुलिको नाम- जयराम खड्का



घरमुलिको नाम- ठुलीमाया कार्की



घरमुलिको नाम- जानुकी कार्की



घरमुलिको नाम- निरन्जन कार्की



घरमुलिको नाम- उत्तम कार्की



घरमुलिको नाम- श्रीराम कार्की

सूर्यविनायक नगरपालिका ७ नं. वडा कार्यालय, गुण्डु, भक्तपुरको च.नं.१६६४ मिति २०७५/०१/०४ गतेको जग्गा भोगचलन सम्बन्धी प्राप्त पत्र बमोजिम जिल्ला भक्तपुर सूर्यविनायक नगरपालिका वडा नं.७ (साविक गुण्डु गाउँ पञ्चायत वडा नं.५) मन्थलीमा बसोबास गर्ने व्यक्तिहरुले सामूहिक रुपमा दिएको निवेदन र निस्सा प्रमाणका आधारमा प्राणी उद्यान क्षेत्रको जंगल २०३५ सालमा पहिरो गएको र पहिरो पिडितहरुलाई घर घडेरीको लागि प्रति व्यक्ति १० आना जग्गाको दरले पूर्व- पिपल रुख र खोलसी, पश्चिम- अरुको घर घडेरी, उत्तर- सेतेपानी खहरे सिम र दक्षिण- अरुको घर घडेरी यति चारकिल्ला भित्रको जग्गा तत्कालिन महेन्द्र आदर्श गुण्डू पञ्चायत कार्यालय र श्री गोदावरी रेञ्जपोष्ट कार्यालय हुदैं क्षेत्रीय मेन्टेनेनस नापी शाखा कार्यालयबाट समेत निर्णय भै भोग चलन गर्न स्वीकृति प्राप्त भएकोले माथि उल्लेखित चारकिल्ला भित्रका जग्गा हालका बसोबास गरिरहेका व्यक्तिहरुले साविक रुपमा भोग चलन गर्न पाउने गरी व्यवस्थाका लागि निवेदकहरुको निवेदनसाथ निस्सा प्रमाणहरु संलग्न राखि सिफारिस भई आएको र सो सम्बन्धमा राष्ट्रिय प्राणी उद्यान कार्यालयबाट सूर्यविनायक नगरपालिका ७ नं. वडा कार्यालयलाई ती व्यक्तिहरुको बसोबासको हालको अवस्था र घर परिवारको विवरण खुलाई सर्जमिन मुचुल्का तयार गरी पठाईदिन अनुरोध गरिएकोमा सर्जमिन मुचुल्का सहित तालिका-१ मा उल्लेखित व्यक्तिहरु र निजहरुको पारिवारिक र घर, टहरा र छाप्राहरुको वस्तुस्थिति विवरण प्राप्त भएको छ । सो को विवरण अनुसुचि-११ मा संलग्न गरिएको छ ।

**तालिका- १**

| क.सं. | घरमुलिको नाम थर | क.सं. | घरमुलिको नाम थर |
|---|---|---|---|
| १ | मदन कार्की | १६ | शारदा विष्ट |
| २ | भरत कार्की | १७ | पुन्यराम माक |
| ३ | उत्तम कुमार कार्की | १८ | शेरबहादुर तमाङ |
| ४ | कृष्ण बहादुर कार्की | १९ | मनोज कुमार कार्की |
| ५ | सुनकुमारी कार्की | २० | विजय कुमार कार्की |
| ६ | निरन्जन कार्की | २१ | राजु कार्की |
| ७ | राज कार्की | २२ | घनश्याम बहादुर कार्की |
| ८ | कृष्ण बहादुर कार्की | २३ | बदन मैया कार्की |
| ९ | नरहरि लम्साल | २४ | यज्ञ बहादुर कार्की |
| १० | नातीकाजी विष्ट | २५ | जयराम खड्का |
| ११ | शिवकुमार विष्ट | २६ | ठुलीमाया कार्की |
| १२ | प्रकाश विष्ट | २७ | जानुकी कार्की |
| १३ | रामकाजी विष्ट | २८ | निरन्जन कार्की |
| १४ | पुष्पकुमार कार्की | २९ | उत्तम कार्की |
| १५ | प्रशुराम कार्की | ३० | श्रीराम कार्की |

तत् पश्चात् प्राप्त निस्सा प्रमाणहरुको अध्ययन गर्दा जिल्ला भक्तपुर सूर्यविनायक नगरपालिका वडा नं.७ (साविक गुण्डु गाउँ पञ्चायत वडा नं.५) मन्थलीमा बसोबास गरेका केहि घर परिवारहरु २०३५ को सेतेपानी खहरेमा आएको बाढीले विस्थापित भएका गोमा कार्की लगायतका ४ जना व्यक्तिहरुलाई तत्काल बसोबास गराउनको लागि जिल्ला पञ्चायत भक्तपुरको मिति २०३५/११/२/४ को निर्णय, महेन्द्र आदर्श गुण्डु गाउँ पञ्चायत, वन विभाग, मेन्टेनेन्स नापी शाखा भक्तपुर, जिल्ला कार्यालय, सार्वजनिक निर्माण शाखा भक्तपुर, काठमाण्डौं वन डिभिजन कार्यालय लैनचौरसमेतका निकायको पहलबाट बाढी पिडितहरुलाई जग्गा हकभोगको निस्सा उपलब्ध गराएको देखिन्छ ।

## अव्यवस्थित बस्ति व्यवस्थापनका लागि भएका प्रयासहरु

१. उद्यानको सीमाना भित्र परेका भौतिक संरचना र चर्चेको जमिनको क्षेत्रफल यकिन गर्न मिति २०७५ चैत्र ५ गते जिल्ला प्रशासन कार्यालय भक्तपुरका प्रमुख जिल्ला अधिकारी लगायतको उपस्थितिमा बसेको बैठकको निर्णयले अव्यवस्थित बसोबास गर्ने व्यक्तिहरुको बसोबासको पृष्ठभूमि र अवस्था सो बसोबासले पारेको प्रभाव समाधानका उपायहरु अध्ययन गर्न स्थलगत अवलोकन गरी विवरण संकलन जिल्लास्थित सरोकारवाला निकायको पदाधिकारीहरुले गर्ने भन्ने भए बमोजिम राष्ट्रिय पुन:निर्माण प्राधिकरण, केन्द्रीय आयोजना कार्यान्वयन इकाई, जिल्ला कार्यान्वयन इकाई भक्तपुरले घर, टहरा र छाप्रा लगायतका भौतिक संरचनाहरु ३५ वटाको रु.३०,२६,९३८।- अक्षरेपि तीस लाख छब्बीस हजार नौसय अठ्तीस रुपैंयामात्र मूल्याङ्कन भई आएको छ । यस सम्बन्धी प्राविधिक प्रतिवेदन विवरण अनुसूचि-१२ मा संलग्न गरिएको छ ।

